का.जि.प्र.का.द.नं. १००/०५९/६०
१४ असोज २०८१,
सोमबार
30 October, 2024
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक २३० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उद्धारमा हद विलम्ब

जल तथा मौसम विज्ञान विभागले विपद्को सम्भावित जोखिमबारे अग्रिम सूचना दिएपनि पूर्वतयारी गर्न सरकार सुस्त देखिएको भन्दै आलोचना भएको छ । सरकारले भने पूर्व सूचना र तयारीकै कारण क्षति कम गरेको भन्दै राहत र पुनर्स्थापनामा गम्भीर बन्ने प्रतिबद्धता जनाएको छ ।

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

आइतबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले अविरल वर्षाबाट भएको जनधनको क्षतिबारे सर्वदलीय बैठक राखे । बैठकमा राजनीतिक दलका नेताहरूले विपद्को पूर्वतयारीमा सरकारको आवश्यक ध्यान पुऱ्याउन नसकेको टिप्पणी गरे ।

गत बिहीबारदेखिको अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परेर आइतबार बेलुकीसम्म १७० जनाको मृत्यु भएको विवरण सार्वजनिक भएको छ भने ४२ जना भन्दा बढी बेपत्ता छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको सर्वदलीय बैठकमा प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले वर्षाले निम्त्याएको विपत्तिमा सरकारले तदारुकता देखाउन नसकेको टिप्पणी गऱ्यो । पार्टीका तर्फबाट सर्वदलीय बैठकमा सहभागी भएका माओवादी केन्द्रका »» पृष्ठ २ मा





काठमाडौं र धादिङको सिमाना नागढुंगा ओरोलोस्थित झ्याप्ले खोलामा गाडी पुरिने गरी गएको पहिलो । जहाँ तीन वटा गाडीमा पहिरो खस्दा ३५ जनाको मृत्यु भएको पुष्टि भएको छ । तस्बिरः नारायण ढुंगाना/रासस

### सहकारी बचत अपचलन

# सकियो छविलालको बयान

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

सहकारीको रकम अपचलन प्रकरणमाथिको अनुसन्धानका क्रममा पक्राउ परेका पूर्वडीआइजी छविलाल जोशीको बयान सकिएको छ ।

सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गरेको आरोपमा पक्राउ परेका जोशीको बयान सकिएको हो । जिल्ला सरकारी वकिलको उपस्थितिमा कास्की प्रहरीले जोशीसँग बयान लिएको हो ।

कास्की प्रहरी प्रमुख एसपी मोहनकुमार थापाका अनुसार उनको बयान सकिएको छ । बयानका आधारमा अदालतमा पेस गर्ने तयारी छ । उनका अनुसार आवश्यक पऱ्यो भने फेरि पनि थप बयान लिइनेछ । जोशीलाई सुरुमा ५ दिनको म्याद दिइएको थियो । बयान र अनुसन्धान नसकिएको भन्दै थप ७ दिन म्याद थपिएको थियो ।जोशी यही असोज ६ गते काठमाडौंबाट पक्राउ परेका थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भने जोशीलाई सरकारले पक्राउ गर्दा प्रक्रिया नपुगेको टिप्पणी गरेको छ । रास्वपाको आइतबार बसेको केन्द्रीय समिति बैठकले यस्तो टिप्पणी गरेको हो । रास्वपाका कार्यवाहक प्रवक्ता मनिष झाले जोशीलाई कुन आधारमा पक्राउ गरेको भन्ने प्रश्न रहेको बताए ।

'छविजीलाई जुन प्रक्रियाले पक्रेको छ त्यसको विरोध छ प्रक्रिया मिलेन । कुन आधारमा पक्रेको हो ?' उनले भने । पार्टी सभापति रवि लामिछानेको विषयमा पनि पक्रिया पुरा गरेर आए सरकारलाई सहयोग गर्न रास्वपा तयार नै रहेको उनले बताए । अन्यथा सहयोग नगर्ने उनको आशय छ ।

'प्रक्रियागत रूपमा अघि आए हामी सहयोग गर्न तयार छौँ । योभन्दा अघि पनि स्टुडियोमा गएर समातेको हो । नागरिकताको पद जाँदै गर्दा पनि हामी चुप लागेर उपनिर्वाचनको तयारीमा जुटेका हौँ' उनले भने ।

फेरि पनि आफूहरु तयार नै रहेर बसेको उनले बताए । उनी थप्छन्, 'यसपटक पनि हामी तयार छौं । तर सरकार प्रक्रिया पुऱ्याएर आउनुपर्छ ।'

सहकारी संस्था बचत दुरुपयोगसम्बन्धी संसदीय विशेष समितिले प्रतिवेदन बुझाएसँगै प्रहरीले आन्तरिक अनुसन्धान तीव्र पारेको छ । यसक्रममा जोशी पक्राउ परेका थिए ।

जोशी पक्राउ परेसँगै पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेलाई समेत पक्राउ गर्न खोजिएको थियो । असोज ६ गते पार्टी कार्यालयमै प्रहरीहरू पुगेका थिए । तर, लामिछाने पक्राउ परेनन् ।

ओखलढुंगाका गितेन्द्रबाबु राई (जीबी)ले सञ्चालन गरेका पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको सहारा, वीरगन्जको सानो पाइला सहकारीको रकम अपचलन प्रकरणमा लामिछाने समेत संलग्न रहेको आरोप लागेको छ ।

सहकारीको रकम जीबी राईले नेतृत्व गरेको गोर्खा मिडिया नेटवर्कमा पुगेको र त्यो रकम लामिछानेको हस्ताक्षरमा खर्च भएको संसदीय समितिको निष्कर्ष छ । त्यसमा पूर्वडीआईजी छविलाल जोशीको समेत संलग्नता देखिएपछि उनीहरू दुवै जनालाई कारबाही सिफारिस गरिएको छ ।

लामिछाने ग्यालेक्सी टेलिभिजनका सेयर सदस्य, सञ्चालक सदस्य र प्रबन्ध निर्देशकसमेत रहेका थिए । पूर्वडीआईजी जोशी सेयर सदस्य र सञ्चालक सदस्य हुन् । जोशी पक्राउ परेसँगै लामिछानेमाथि उच्च निगरानीमा रहेका हुन् ।

२०७७ माघदेखि लामिछाने ग्यालेक्सी टेलिभिजनमा जोडिएका थिए । पाँच करोडमध्ये लामिछानेले सहकारीकै ७५ लाख रुपैयाँ तिरेर १५ प्रतिशत सेयर पाएको खुलेको छ । त्यस्तै, जीबी राईको ५० र छविलाल जोशीको ३५ प्रतिशत सेयर कायम गरिएको थियो ।

### वैदेशिक रोजगार विशेष

## अभिमुखीकरण तालिम, शुल्क वृद्धि र अनलाइन परीक्षाबारे श्रम मन्त्रालयमा गम्भीर छलफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज

वैदेशिक रोजगारीमा जाने कामदारको अभिमुखीकरण तालिम, शुल्क वृद्धि र अनलाइन परीक्षामार्फत कम्तीमा ५० प्रतिशत अंक ल्याउने विषयका सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा गम्भीर छलफल भएको छ ।

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनले भाषा परीक्षाको नाममा वैदेशिक रोजगारमा जाने कामदारको शुल्क अत्यधिकरूपमा वृद्धि गरिएको भन्दै आपत्ति जनाएको समाचार मध्यान्ह दैनिकको आइतबारको अंकमा प्रकाशित भएको थियो । उक्त समाचारका सन्दर्भमा मन्त्रालयका सचिव मुकुन्द निरौलाको अग्रसरता, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पदाधिकारी, विभिन्न राजनीतिक दल निकट घटकसंस्थाका अध्यक्ष तथा पदाधिकारीसहितको उपस्थितिमा छलफल भएको थियो ।

उक्त छलफलपछि वैदेशिक रोजगार विभागले विज्ञप्तिमार्फत गत २०८० असोज ७ गते जारी अभिमुखीकरण तालिम सञ्चालन मूल कार्यविधि २०७६ कार्यान्वयनमा नआएको बताएको छ । कार्यविधिमा वैदेशिक रोजगारीमा जाने कामदारले अनलाइन प्रणालीबाट परीक्षा दिइ कम्तीमा ५० प्रतिशत अंक ल्याएपछि मात्र उत्तीर्ण हुने र उक्त प्रमाणपत्र पेस गरेपछि मात्र श्रम स्वीकृति पाउने व्यवस्था गरिएको छ ।

त्यस्तै कार्यविधिमा हालको २ दिने तालिमलाई ३ दिने बनाइ पहिलो र दोस्रो दिन अंग्रेजी भाषा र तेस्रो दिन वैदेशिक रोजगारीमा जाने देशको देशगत भाषासमेत अध्ययन गनुपर्ने र परीक्षा दिनै पर्ने बाध्यत्मक अवस्था गरिएको छ । त्यसमा अभिमुखीकरण तालिम संस्थाले भाषा अध्ययन, परीक्षा र प्रमाणपत्र शुल्क गरी २ हजार ८ सय रुपैयाँ लिने पाउने व्यवस्था गरिएको छ ।

मध्यान्ह दैनिकको २०८१ साल असोज १३ गते छापिएको 'वैदेशिक रोजगारको दुईदिने अभिमुखीकरण तालिम अब तीनदिने, देशगत भाषा परीक्षणमा फेल भएका कामदार विदेश जान नपाउने' शीर्षकको समाचारप्रति ध्यानाकर्षण भएको जनाउँदै विभागले विज्ञप्तिमा वैदेशिक रोजगारको तीनदिने अभिमुखीकरण तालिम, तालिम शुल्क बृद्धी भइ रू २८ सय कायम गरिएको एवम् परिक्षा सम्बन्धमा कुनै सत्यता नरहेको र हाल अभिमुखीकरण तालिम दुई दिन नै सञ्चालन हुने, तालिम शुल्क ७ सय नै रहेको तथा देशगत भाषा परीक्षा सम्बन्धमा विभागको कुनै निर्णय नभएको जनाएको छ ।

विभागले अभिमुखीकरण तालिम सञ्चालन मूल »» पृष्ठ २ मा

### अविरल वर्षाले वैदेशिक रोजगार पनि प्रभावित

काठमाडौं/मस- दुईदिने अविरल वर्षाले निम्त्याएको विपत्तिले वैदेशिक रोजगारमा जाने कामदारहरू नराम्ररी प्रभावित भएका छन् । नेपालीको महानपर्व दशैं अगाडि नै भिसा आएका कामदार उडाउन म्यानपावर कम्पनीहरूले सबै तयारी गरेको भएपनि विदेश उड्नुपर्ने कामदार काठमाडौं आउन नपाएपछि उनीहरू प्रभावित भएका हुन् ।

निरन्तरको वर्षाले काठमाडौं प्रवेश गर्ने सबै नाका बन्द भएपछि रात्रि तथा दिवा सेवाका सवारी साधन प्रायः चलेका छैनन् । स्थल मार्ग अवरुद्ध भएपछि हवाई मार्ग कामदारका लागि अत्यन्तै महंगो भएको छ ।

यसअघि ५२ देखि ५५ सय हाराहारीमा पाइने आन्तरिक उडानको हवाई टिकट आइतबार १३ हजार ५ »» पृष्ठ २ मा

### सिधा कुरा डटकमले अदालतको अवहेलना गरेको ठहर

## सम्पादक र प्रकाशकलाई कैद सजाय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज ।

सर्वोच्च अदालतले सिधा कुरा डटकमले अदालतको अवहेलना गरेको ठहर गरेको छ । सर्वोच्च अदालतका न्यायाधीशको समेत नाम राखेर सिधा कुरा डटकमले समाचार र समाचारजन्य सामग्री सम्पेषण गरेको थियो । त्यसमाथि प्रश्न उठाएर सर्वोच्च अदालत प्रशासनले नै प्रतिवेदन उठाएर अदालतको अवहेलना मुद्दा दायर गरेको थियो ।

उक्त मुद्दामाथि सुनुवाइ गर्दै प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ तथा न्यायाधीशहरू प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, हरिप्रसाद फुयाल, नहकुल सुवेदी, विनोद शर्मा, महेश शर्मा पौडेल र बालकृष्ण ढकाल रहेको ९ सदस्यीय पूर्ण इजलासले आइतबार फैसला सुनाएको हो ।





फैसलामा सिधा कुरा नामक अनलाइन र त्यसमा संलग्न व्यक्तिहरुले अदालतको मानहानी गरेको ठहरसहित सजाय तोकिएको छ ।

अडियो रेकर्ड गर्ने राजकुमार तिमल्सिनालाई ६ महिना कैद सजाय तोकिएको छ । सिधाकुरा डटकमका प्रकाशक युवराज कडैंल र सम्पादक नविन ढुंगानालाई तीन/तीन महिना कैद सजाय सुनाएको छ ।

युवराज कँडेल र नविन ढुंगानाले अडिओको सत्य तथ्य परीक्षण नगरी प्रसारण गरेको हुनाले तीन/तीन महिना कैद सजाय तोकिएको बताइएको छ । उनीहरुले लिखितरुपमा अदालत समक्ष माफी मागेमा ७ दिनमात्र कैद बसी अरु कैद »» पृष्ठ २ मा

# दशैं, तिहारलक्षित यात्रु सहायता कक्ष स्थापना

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, १३ असोज

बझाङमा दशैं, तिहार र छठको बेलामा हुने यात्रुको चापलाई ध्यानमा राखेर यात्रु सहायता कक्ष स्थापना गरिएको छ । चाडबाडमा हुने भिडभाडमा यात्रुको सहजताका लागि जिल्लाको चार ठाउँमा यात्रु सहायता कक्षको स्थापना गरिएको हो । जिल्ला प्रहरी कार्यालय बझाङ र जिल्ला ट्राफिक प्रहरी कार्यालयको आयोजनामा शनिबार जिल्लाको अस्थायी ट्राफिक प्रहरी पोस्ट बागथला, अस्थायी ट्राफिक प्रहरी पोस्ट झोतामा, अस्थायी ट्राफिक प्रहरी पोष्ट सिमखेत र नयाँ बसपार्क गरी चार ठाउँमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी कार्यालय बझाङका डीएसपी युवराज भण्डारीले जानकारी दिए ।

यात्राका क्रममा असहजता महसुस भए ती सहायता कक्षमा उजुरी वा गुनासो गर्ने व्यवस्था गरिएको र यात्रु सहायता कक्षमार्फत ट्राफिक नियम सचेतना गराउने, क्षमताभन्दा बढी यात्रु राखेको, तोकिएभन्दा बढी भाडा लिएको विषयमा




चेकजाँच गर्ने, यात्रालाई सहज बनाउन गुनासो तथा सडक सुरक्षा लगायतका विषयमा सेवा दिने डीएसपी भण्डारीको भनाइ छ ।

उनले भने, 'चाडबाडका समयमा यात्रुको चाप बढी हुन्छ। ओभरलोड गरिएको हुन सक्छ। बढी भाडा असुलिएको हुन सक्छ। यात्रुको सामान छुट्न सक्छ । यात्राका क्रममा कसैलाई समस्या भएको अवस्थामा सहजताका साथ प्रहरी सेवा उपलब्ध गराउन सहायता कक्ष शुरु गरिएको हो । त्यहाँबाट २४ घण्टा सेवा दिने व्यवस्था मिलाइएको छ ।'

भिडभाड हुने, बढी भाडा लिने, यात्रु ठगिने कार्यलाई नियन्त्रण गर्न र नागरिकहरुको पिरमर्काको तत्काल सुनुवाई गर्न यात्रु सहायता कक्ष स्थापना गरिएको हो । प्रहरीले दशैं तिहार लगायतको चाडपर्वका बेला यात्रुलाई समस्या पर्न नदिन यात्रु सहायता कक्ष सञ्चालन गरेको जनाएको छ ।

दशैंका बेला घर फर्किने यात्रुहरुलाई बिना झन्झट सहज तरिकाले यात्राको सुविधा दिने कुरालाई मध्यनजर गर्दै सहायता कक्ष सञ्चालनमा ल्याएको प्रहरीले बताए । चार वटै केन्द्रमा ट्राफिक प्रहरी र प्रहरी टोली राखिएको छ ।

यात्रु सहायता कक्ष सञ्चालनसँगै नागरिकमैत्री वातावरण र सचेतनाका कार्यक्रम अन्तर्गत दुर्घटना न्यूनीकरणका लागी सचेतना जगाउँदै आएको ट्राफिक प्रहरी कार्यालय बझाङका प्रमुख विनोद विष्ट बताए । नागरिकसँग मैत्रीवत सम्बन्ध यात्रामा हुन सक्ने अवान्छित क्रियाकलापलाई नियन्त्रण गर्नु कक्ष सञ्चालनको मुख्य उद्देश्य रहेको उनको भनाइ छ । उनले भने,'समस्यामा परेका यात्रुहरुलाई केन्द्रमा खटिएका टोली आवश्यक सहायता गर्नेछ ।' भीडभाड हुने स्थानमा दशैं र तिहारका बेला यात्रु ठगिने, लुटिने र दुर्घटनामा समेत वृद्धि हुने सम्भावना रहकाले जिल्लाको चार स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको हो । हाल सञ्चालनमा ल्याइएको यात्रु सहायता कक्ष दशैं, तिहार र छठ अवधी भरी यथावत् रहने छन् ।

# राहत तथा उद्धार कार्यमा संलग्न हुन पार्टी पंक्तिलाई एकीकृत समाजवादीको निर्देशन

**लेखनाथ सिकारू/मध्यान्ह**
काठमाडौं, १३ असोज

नेकपा(एकीकृत समाजवादी) ले स्थानीय पार्टी पंक्तिलाई राहत तथा उद्धार कार्यमा संलग्न हुन निर्देशन दिएको छ ।

आइतबार अध्यक्ष माधवकुमार नेपालले एक विज्ञप्ति जारी गर्दै उक्त निर्देशन दिएका हुन् । विज्ञप्तिमा भनिएको छ,'विगत केही दिनदेखि लगातार देश भर भएको अविरल वर्षापछि आएको बाढी-पहिरो र डुबानले देशका विभिन्न भागहरूमा सयौं नागरिकहरुको ज्यान गएको छ, सयौंको संख्यामा नागरिकहरू सम्पर्क विहीन भएका छन् र सयौं नागरिकहरु घाइते भएका छन् । यसैगरी प्राकृतिक प्रकोपबाट सयौं घरहरू क्षतिग्रस्त भएका छन् भने अरबौंको भौतिक सम्पत्ति नष्ट भएको छ । यस प्रकृति विपत्तिले हामीलाई अन्यन्त




मर्माहत तुल्याएको छ ।'

यस्तै प्राकृतिक विपद्मा परी ज्यान गुमाएकाहरुलाई भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनमा गहिरो समवेदना समेत प्रकट गरिएको छ । साथै घाइतेहरूको शिघ्र स्वास्थ्य लाभको कामनासहित बाढी पहिरोमा बेपत्ता भएकाहरूको यथाशीघ्र खोजीका लागि स्थानीय, प्रदेश र संघका सुरक्षा लगायत सबै सरकारी निकायहरू तथा स्वयम्सेवक संस्थाहरूसँग मिलेर काम गर्न स्थानीय पार्टी कमिटी तथा नेता कार्यकर्ता सबैलाई विशेष अपिल गरिएको छ ।

अध्यक्ष नेपालले बाढी पहिरो र डुवानमा फसेका नागरिकहरुको उद्धार तथा उनीहरुलाई बस्ने र खाने व्यवस्था मिलाउन सरकारसँग माग समेत गरेका छन् । बाढी पहिरोमा फसेकाहरुको उद्धार र राहत, घाइतेको निःशुक्क उपचार, बिचल्लीमा परेका नागरिकहरूको खानपान र बसोबासको व्यवस्था मिलाउन र अवरुद्ध सडकहरुको मर्मत सम्भार गर्न समेत पार्टीले सरकारसँग जोडदार माग गरेको छ । अझै पनि नदी, नालाहरुको पानीको बहाब कम भइ नसकेको र बाढी-पहिरो आउने र क्षति हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै आवश्यक सतर्कता अपनाउनसमेत सबैमा अनुरोध गरिएको छ ।

# तामाकोशी पहिरो : बेपत्तामध्ये दुई जनाको शव फेला, दुई जनाको अवस्था अझै अज्ञात

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, १३ असोज

तामाकोशी पहिरोमा बेपत्ता भएकामध्ये दुई जनाको शव भेटिएको छ । शनिबार माथिल्लो तामाकोशी जलविद्युत आयोजनास्थलको संरचनाका लागि रहेको हेडवर्क्स नियन्त्रण कक्ष रहेको भवनमा पहिरो खस्दा नेपाली सेनासहित ४ जना बेपत्ता भएका थिए । जसमध्ये खोजी गर्ने क्रममा आइतबार दिउँसो दुई जनाको शव फेला परेको हो भने अन्य दुई जनाको खोजी कार्य भइरहेको छ ।



हेडवर्क्स क्षेत्रमा लेदोसहितको पहिरो खस्दा संरचनामा पनि ठूलो क्षति पुगेको छ । त्यस्तै शनिबार दिउँसोनै सदरमुकाम चरिकोटमा भुजेल परिवारका तीन जनालाई पहिरोले पुर्दा उनीहरुको मृत्यु भएको थियो भने १ जना जीवितै उद्धार गरेको थियो ।

भिमेश्वर नगरपालिका-६ मैदानेमा दिउँसो अविरल वर्षासँगै आएको पहिरोले आफ्नै घर पुर्दा राजकुमार भुजेलसहित उनकी श्रीमती ३६ वर्षीया राधिका भुजेल र १५ वर्षीय छोरा सुजन भुजेलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दोलखाका निरीक्षक शत्रुधन महतोले जानकारी दिए । उनका अनुसार मृतक भुजेलका ३ वर्षीय छोरा युवराज भुजेललाई जीवितै उद्धार गरिएको थियो ।

# मलेसियामा रहेका थारुहरुले मनाए जितिया पर्व

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, १३ असोज

मलेसियामा रहेका थारु चौधरीहरुले जितिया पर्व मनाएका छन् । थारु कल्याणकारीणी सभा मलेसियाले 'थारु संस्कृतिको संरक्षण, सम्वर्द्धन हाम्रो अभियान, समावेशी समानुपातिक पहुँचको लागि सम्पूर्णमा आह्वान' भन्ने नाराका साथ पर्व मनाएको हो ।

क्वालालम्पुरमा रहेको इलिमेन्ट होटलको सभाहलमा भएको कार्यक्रममा सभाका अध्यक्ष ज्ञानचन्द्र चौधरीको सभापतित्वमा



भएको थियो । कार्यक्रममा नेपाली राजदूतावास मलेसियाका कार्यवाहक राजदूत मुद्दिता बज्राचार्य, प्रथम सचिव बलिराम धामी, जनजाति महासंघ मलेसियाका अध्यक्ष विपिन राई, कांग्रेस सम्वद्ध जनसम्पर्क समितिका सभापति चोलाकान्त पंगेनी, महामन्त्री हरि कोइराला लगायत थुप्रै संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्थानीय कलाकारहरुले थारु समुदायका विभिन्न झाँकी, नृत्य, गित संगीत प्रस्तुत गरेका थिए । कार्यवाहक राजदूत बज्राचार्यले शुभकामना मन्तव्य दिँदै देशमा एतिबेला विपत आइपरेकोले आफ्नो ठाउँबाट सबैले एकबद्ध भएर लाग्नुपर्ने बताए ।

जनजाति महासंघ मलेसियाका अध्यक्ष विपिन राईले बाढी पीडितलाई सहयोग गर्ने उद्देश्यले एउटा कोष खडा गरी सहयोग गर्ने योजनामा संघ रहेको बताए ।

## उद्धारमा...

उपमहासचिव शक्ति बस्नेतले जल तथा मौसम विज्ञान विभागले जारी गरेको सूचना पुऱ्याए पनि पूर्वतयारी गर्न सरकार सुस्त बनेको बताए ।

बैठकपछि उनले पत्रकारहरूसँग भने, 'पूर्वतयारीका कामहरू तदारुकताका साथ गर्नमा हामीले कमी रहेको महसुस गऱ्यौं । तत्काल पहलकदमी लिएर खोज, उद्धारका काममा सरकारले जति तदारुकता देखाउनुपर्थ्यो । त्यसमा सुस्तता देखियो ।'

अर्को प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पनि सरकार विपद् व्यवस्थापनमा चुकेको निष्कर्ष सुनाएको छ । रास्वपाको पार्टी केन्द्रीय समिति बैठकले पनि यही निष्कर्ष निकालेको छ । विपद्को पूर्वतयारीमा ध्यान नपुगेको टिप्पणी पछि सरकारले राहत र पुनर्स्थापनामा सरकार गम्भीर बन्ने प्रतिवद्धता जनाएको छ । यसका लागि सर्वदलीय बैठकले बिभिन्न ९ वटा निर्णय समेत गरेको छ ।

अविरल वर्षाको कारण आएको बाढीपहिरोमा परी प्रभावित भएका र घाइते भएकाहरूलाई तत्काल उद्धार गरी उचित वासस्थान, खाना, पानी र अन्य राहत सामाग्री उपलब्ध गराउने निर्णय भएको छ ।

वर्षाका कारण गएको पहिरो र बाढीले आवागमन अबरुद्ध भई गन्तब्यमा पुग्न नसकी अलपत्र परेका यात्रुहरूलाई सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लाको यातायात व्यवसायी संघ र सुरक्षाकर्मीको संयुक्त प्रयासमा गन्तव्यमा पुऱ्याउने निर्णय छ ।

देशको राजधानीलाई बाँकी भूभागसँग जोड्ने सबैजसो राजमार्गहरूमा सानो ठूलो रोकावट आई आवागमन अवरुद्ध हुन पुगेका छन् । वर्तमान अवस्थालाई तत्काल सम्बोधन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नो सम्पूर्ण संयन्त्र प्रयोग गरी तत्काल पहिरो पन्छाएर सडक सूचारू गर्ने सरकारको प्रतिवद्धता छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले क्षतिग्रस्त प्रशारण लाइन र विद्युत गृहहरूको मर्मत सम्भार गरी विद्युत आपूर्ति र सूचना तथा संचार प्रविधि मन्त्रालयले अवरूद्ध इन्टरनेट र टेलिफोन सेवा यथासक्य छिटो सूचारू गर्ने सर्वदलीय बैठकको निर्णय छ । बाढी र पहिरोको कारण क्षतिग्रस्त भएका खानेपानी प्रणालीको मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्न खानेपानी मन्त्रालयले आवश्यक कार्य गर्ने भनिएको छ ।

विपद् पछिको महामारीको सम्भावनालाई न्यूनीकरण गर्न स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निरोधात्मक र उपचारात्मक दुवै विधि प्रयोग गरी प्रभावित क्षेत्रमा औषधि उपचार र आवश्यक जनशक्ति र उपकरणको व्यवस्था गर्ने निर्णय गरिएको छ ।

दसैं, तिहार, छठजस्ता पर्वलाई समेत लक्षित गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निजी क्षेत्रको समेत सहभागितामा खाद्यान्न, तरकारी, फलफूल, ग्यास लगायत अत्यावश्यक दैनिक उपभोग्यका सामान सुपथ मूल्यमा सजिलैसँग प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने भनिएको छ ।

बाढीका कारण क्षतिग्रस्त पुल, सडक, विद्यालय, स्वास्थ्य चौकी, सुरक्षा निकायको भवन, विद्युत संरचना लगायत पूर्वाधार र कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिको विवरण सम्बन्धित मन्त्रालयले संकलन गरि पुनर्निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय भएको छ ।

बाढीपहिराबाट घरवास गुमाएका पीडितहरूका पुनर्स्थापनाका लागि राष्ट्रिय जोखिम न्यूनिकरण तथा विपद व्यवस्थापन प्राधिकरण सँगको समन्वयमा सहरी विकास मन्त्रालयले उचित आवासको प्रबन्ध गर्न आवश्यक प्रकृया अगाडी बढाउने निर्णय पनि भएको छ । सबै राजनीतिक दलहरू तीनै तहको सरकार र नीजि क्षेत्र समेतको समन्वयात्मक एवं एकीकृत प्रयासमा उद्धार, राहत र पुनर्स्थापनाको काम गनुपर्नेमा जोड दिइएको छ ।

## अभिमुखीकरण...

कार्यविधि २०७६ कार्यान्वयनमा नआएको बताएपनि लोकतान्त्रिक एशोसिएसनले मन्त्रीस्तरीय निर्णयको आवरणमा शंकास्पद प्रावधान कार्यान्वयन गर्ने सोचले वैदेशिक रोजगार क्षेत्रमा अत्यन्तै नकारात्मक अवस्था ल्याउने भन्दै व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि गम्भीर चासो राख्नुपर्ने माग गरेको छ । मन्त्रालयमा भएको छलफलपछि आइतबार एशोसिएसन कार्यसमितिको बैठक बसेको थियो ।

## अविरल...

सयसम्म पुगेको व्यवसायीहरूले बताएका छन् । यद्यपि एयरलाइन्स व्यवसायीहरुले तीन दिसम्म हवाई भाडा नबढाउने प्रतिबद्धता जनाइसकेका छन् ।

श्रम गन्तव्यमा उड्न नपाएका कामदारहरूको तथ्यांक संकलन नभएपनि संख्या ठूलो रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

## सम्पादक ...

निलम्बन हुने फैसलामा उल्लेख छ । सीधा कुरा अनलाइनलाई पाँच हजार जरिवाना तोकिएको छ । अनलाइनबाट लिखित माफी मागेमा उक्त जरिवाना माफी हुनेछ ।

सिधाकुरा डटकमले 'द डार्क फाइल' नाम दिए समाचार र समाचारजन्य सामग्री सम्प्रेषण गरेको थियो । जहाँ अख्तियारको स्टिङ अप्रेसनवाला मुद्दाका अभियुक्तहरुलाई सफाइ दिलाउने भन्दै कान्तिपुरका सन्चालक कैलाश शिरोहिया, अन्नपूर्णका रामेश्वर थापा, न्यायाधीश आनन्दमोहन भट्टराईलगायतको संवाद भनिएको अडियो समावेश थियो । उक्त अडिओ सही नभएको भन्दै सर्वोच्च अदालतले अदालतको मानहानी भएको ठहर गरेको हो ।

पक्राउ पछि सिधाकुराका सम्पादक ढुंगानाले सर्वोच्च अदालतको फैसलालाई सम्मान गर्ने बताएका छन् ।

'सम्मानित सर्वोच्च अदालतको फैसलालाई सम्मान गर्दै म र मेरो प्रकाशक एवम् तपाईंहरूको प्रिय प्रस्तोता युवराज कडेँल केन्द्रीय कारागार जगन्नाथदेवल चलान भएका छौं । प्रिय पाठक र स्रोताहरु हामी फेरि समाचार लेख्नै आउने छौं । हामी समाचार लेख्न नै जन्मिएका हौं। समाचारको धर्मबाट कहिल्यौ बिचलित हुने छैनौं' उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

**युएईमा रोजगार** | कम्पनी: EDEN GARDENS LLC | शहर: UAE
पुर्व स्वीकृत मितिः २०८१/०६/११ | चलानी नं.: ६०२२५९३२ | LT. No.: 311424

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Worker | 50 | 0 | स. काममा दक्ष | 900 | ३२,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SECURE NEPAL JOB PLACEMENT PVT . LTD.
Sinamangal-09, Kathmandu, Nepal,Tel: 015919873. | Email: info@securenepaljobs.com
श्रम इजाजत नं.: १६४८/०७०/०७१

**Besishahar Municipality**
**Office of Municipal Executive**
**Besishahar, Lamjung**

**Invitation For Electronic Bids**

**First Date of Notice Publication : 2081/06/14**

1) Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under Sealed Quotation bidding procedures specified in Public Procurement Act and Regulations.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) | Bid Security Amount (NRs ) | Bid Document Fee (NRs) | Last Date of Bid Submission |
|---|---|---|---|---|---|
| Besishaharmun/Works/SQ/081/082/01 | Gausahar-Bakhrejagat-Nalma Road, Besishahar-03 | 19,43,458 | 50,000 | 1000 | 15th Oct 2024,12:00 |
| Besishaharmun/Works/SQ/081/082/02 | Landfill Site Road, Besishahar-08 | 19,48,405 | 50,000 | 1000 | 15th Oct 2024,12:00 |

2) Electronic Sealed Quotation document is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
Information to deposit Bid Fee and Bid Security

For Bid Security
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Na.Pa (Ga-3)-Dharauti A
Account Number : 3040100303000002

For Bid Document Fee
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Na.Pa. (Ga-1-1)-Aantarik
Account Number : 3040100301010002

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transportation**
**Department of Roads**
**Pushpalal (Mid Hill) Highway Project Office Directorate**
**Pushpalal (Mid hill) Highway Project Office, Dailekh**

**Invitation for Bids**

**First date of Publication: 2081/06/14 (30th September, 2024)**

1. *Pushpalal (Mid Hill ) Highway Project Office, Dailekh* invites electronic bids from eligible bidders under National Competitive Bidding for the procurement of the following works under respective bidding procedure. Major qualification criteria, name and identification of the contracts are mentioned below though the details are in the bidding document.

| S. No. | Contract ID & Name of procurement | Average Annual Construction Turnover of the best 3 years within last 10 years | Minimum work experience of Similar size and nature | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) |
|---|---|---|---|---|---|
| 1 | MHHPODLKH/33701114/081/82-01, Construction of Slab Culvert and Maintenance of Manghar-Bestada- Hulaktakura-Lohore Road Section (0+000-21+840) in Dailekh District | NRs.127 Millions | NRs.51 Millions | 20,00,000.00 | 5,000.00 |
| 2 | MHHPODLKH/33701114/081/82-02, Roadway Excavation at Dankani Bhir and Roadway Maintenance along Thala Soyada Road section in Jajarkot District | NRs.65 Millions | NRs.18 Millions | 11,00,000.00 | 5,000.00 |
| 3 | MHHPODLKH/33701114/081/82-03, Construction of Slab Culvert & Maintenance of Rupaga - Kimubot Road Section ( Chainage:- 13+000 - 29+000 ), Rukum East | Estimated amount excluding VAT & Contingency NRs. 1,70,79,214.80 | | 4,50,000.00 | 3,000.00 |

2. All bidders must submit their bids electronically. Electronic bids must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2081/07/14 (30th Oct, 2024). The detailed electronic bid submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from *Pushpalal (Mid Hill ) Highway Project Office*, Dailekh, E-mail: mhhpo.dailekh@gmail.com

3. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever before the contract.

**Project Chief**

# नेपाल-दक्षिण कोरिया सम्बन्धको ५०औं वर्षः डिजिटल कला प्रदर्शनी



**काठमाडौं/मस-** गणतन्त्र कोरियाली दूतावासले कोरिया र नेपालबीच कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं स्वर्ण जयन्तीको अवसरमा शुक्रबारदेखि कोरियाली डिजिटल कला प्रदर्शनी आयोजना गरेको छ ।

नेपाल कला परिषद बबरमहलमा आयोजित प्रदर्शनी मंगलबारसम्म सञ्चालन हुनेछ । शनिबार उद्घाटन भएको प्रदर्शनी कार्यक्रमले नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापनाको महत्वलाई थप उचाइ दिएको छ । दूतावासले आयोजना गरेको कार्यक्रममा प्रमख अतिथि संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रि प्रसाद पाण्डेले स्वागत मन्तव्यका क्रममा कोरिया र नेपालबीचको सम्बन्ध अतिविशिष्ठ रहेको र अन्य मुलुकसँग तुलना गर्न नमिल्ने बताए ।

त्यसैगरी दुई देशबीचको सम्बन्ध आगामी दिनमा अझै प्रगाढ बनाउने धारणा राखे । नेपालको सामाजिक आर्थिक विकास सम्वन्धमा, कोरियाले शिक्षा, स्वास्थ्य, कृषि, जलस्रोत क्षेत्रमा पुर्‍याएको योगदानलाई उच्च सम्मान व्यक्त गरे । मन्त्री पाण्डेले कोरियाले हाल ५० हजार भन्दा बढी नेपालीलाई रोजगार उपलब्ध गराएर नेपालको विद्यमान बेरोजगार समस्या समाधानमा सहयोग गरेकोमा कोरियाली सरकारलाई धन्यवाद दिए ।

प्रत्येक वर्ष दुई करोड भन्दा बढी कोरियाली पर्यटकहरू विश्वमा घुम्ने गरेको र त्यसमध्ये नेपालमा आउने कोरियाली पर्यटकको संख्या तुलनात्मक रुपमा उल्लेख्य नभएता पनि हाल नेपाल भ्रमण गर्ने कोरियाली पर्यटक १० वटा देशमध्ये परेको उल्लेख गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपालका लागि गणतन्त्र कोरियाली राजदूत पार्क थेयङले कोरिया र नेपाल भौगोलिक रूपमा टाढा भए पनि भावनात्मक रूपमा नजिक भएको उल्लेख गरे । उनले 'हाल कोरियामा करिब ५० हजार हाराहारी नेपाली कामदार कार्यरत रहेको जानकारी गराए । त्यसैगरी कोरिया र नेपालबीचका समानताको विषय पनि उल्लेख गरे । यस्तै किसिमका डिजिटल कला प्रदर्शनी जस्ता कार्यक्रमले दुई देशका जनतालाई आत्मीय बनाउन सहयोग पुग्ने धारणा राखे । डिजिटल कला प्रदर्शनी कार्यक्रम आगामी मंगलबारसम्म सर्वसाधारणका लागि खुला गरिएको छ ।

# स्वदेश फर्किएर बाख्रा पालन

**ललित बोहरा/मध्यान्ह**
बैतडी, १३ असोज



खाडीको उच्च तापक्रममा काम गर्ने बैतडीका एक युवकले स्वदेश फर्किएर विगत पाँच वर्षदेखि बाख्रा पालन गर्दै आएका छन् ।

पाटन नगरपालिका १ डंसिलीका कृष्ण सिंह बोहराले तीन वर्ष विदेशमै बिताए । उनले बहराइमा दुःख गरे । उनी त्यहाँ सुरक्षा गार्डको काम गर्थे ।

अन्ततः उनी स्वदेश नै फर्किएर बाख्रापालन गर्ने निधो गरे । ४२ वर्षीय बोहरा पाँच वर्षदेखि बाख्रा पालन गर्दै आएका छन् ।

सम्बन्धित निकायमा व्यवसायिक फर्म दर्ता गरेर बाख्रापालन गर्दै आएका छन् । परिवारलाई समेत समय दिन मिल्ने व्यावसायबाट ८ लाख रुपैयाँ बराबरको कारोबार भएपछि उनी खुसी छन् । तर सरकारी निकायले भने कुनै सहयोग नगरेको उनको गुनासो छ ।

उनले भने,'म निरन्तर बाख्रा पालन पेशामा आबद्ध छु, आम्दानी पनि राम्रो छ, तर सरकारलाई कर तिर्नुपर्छ । सरकारले केही अनुदान दिएको छैन् ।'

उनी मात्र हैन पाटन नगरपालिका-१ का ५१ वर्षीय तेजसिंह बोहराले पनि आधुनिक खोरमा बाख्रा पालन गरेका छन् । सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्री एकीकृत कार्यक्रमबाट २०७८ मा आधुनिक खोर निमार्ण गरिदिनपछि थप व्यवस्थित रुपमा बाख्रा पालन शुरु गरेका छन् ।

बोहराले ५ वर्ष भारतमा काम गरेको दुःख सम्झिँदै अहिले व्यावसायिक रुपमा बाख्रा पालन पेशामा लागेको बताए । उनले उन्नत जातका बाख्रापालन गरेर आम्दानी गरिरहेका छन् । बाख्राको बिक्री वितरण घरबाटै हुने गरेको छ ।

उनले भने,'बाख्रा पालन गरेर कहाँ बिक्री गर्ने भन्ने चिन्ता छैन् । घरमै आएर खरिद गर्ने गरेका छन् ।' बोहराले उन्नत जातको बोका समेत आफ्नो आम्दानीबाट खरिद गरेका छन् । 'जंगलमा बाख्राहरुसँग गीत गाउँदै समय गएको थाहा हुँदैन्' उनले सुनाए ।

यी दुई युवा युवा त उदाहरण मात्रै हुन् । सुदूरपश्चिम प्रदेशका अधिकांश चरन क्षेत्र भएका स्थानमा बाख्रापालन पेशा फष्टाएको छ । डडेल्धुराको अजयमेरु गाउँपालिका-३ मगरौ गाउँ बस्ने सुरेन्द्र बहादुर चन्दले ६० बाख्रा पालेको एक दशक बढी भयो । आधुनिक खोरमा बाख्रा पालन गरेका उनले अनुदानका कार्यक्रम सरकारबाट पाएपनि नश्ल सुधारमा सहयोग नपाएको बताए ।

सरकारले युवा व्यवसायीलाई पोत्साहन गर्ने कार्यक्रम ल्याउनुपर्ने जानकारीहरुको बुझाइछ । प्रदेश सरकारको भेटेनरी अस्पताल तथा विज्ञ केन्द्रले हरेक वर्ष बाख्रा तथा बोयर जातका बोका वितरण गर्ने गरेकाले बाख्रा पालन फष्टाएको दाबी उनको छ ।

मुख्यमन्त्री एकीकृत कार्यक्रम लगायतबाट युवाहरुलाई फर्म स्थापना गरेर अनुदानका कार्यक्रममा समावेश गरेको भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बैतडीका कार्यालय प्रमुख श्याम बहादुर खड्काले बताए । युवा लक्षित कार्यक्रम पहुँचका भरमा आफन्त तथा कार्यकर्तालाई नदिइ व्यवसायीक युवाहरुलाई अनुदानका कार्यक्रममा समावेश गर्नुपर्छ ।

# साउदीमा राहदानी नविकरण घुम्ती सेवा सम्पन्न, नेपाली श्रमिकलाई सहजता



**अन्जान गुभाजु/मध्यान्ह**
अलकासिम, साउदी, १३ असोज

साउदी अरबको अलकासिम क्षेत्रमा एकदिने राहदानी नवीकरण घुम्ती सेवा सम्पन्न भएको छ । नेपाली राजदूतावास रियाद र गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद, साउदी अरबअन्तर्गत रहेको क्षेत्रीय समन्वय समिति अलकासिमको संयुक्त प्रयासमा २०२४ सेप्टेम्बर २७ मा घुम्ती सेवा सम्पन्न भएको हो ।

घुम्ती सेवाबाट अलकासिम तथा वरपरका नेपाली श्रमिकहरू लाभान्वित भएका छन् । फाराम संकलन, राहदानी वितरण र ट्राभल डकुमेन्टको सेवा उपलब्ध गराइएको उक्त घुम्ती सेवामा राजदूतावास रियादका प्रथम सचिव टोप नारायण गिरीको नेतृत्वमा सचिव टिकाराम उपाध्याय, सहचारी कमल कुँवर, लेखापाल राम पुनित यादवलगायतको टोलीले सेवा प्रदान गरेका थिए ।

घुम्ती सेवाबाट अनैजा, हायल, जुल्फीलगायतका क्षेत्रबाट आएका ५ सय ४१ जना श्रमिकको राहदानी नवीकरणका लागि आवेदन संकलन गरिएको थियो भने ४० नवीकृत राहदानी वितरण तथा एक जनालाई ट्राभल डकुमेन्ट प्रदान गरिएको थियो । एनआरएनए पदाधिकारीहरूको सक्रियतामा फाराम भर्न नसक्ने श्रमिकहरूलाई निःशुल्क सहयोग गरिएको थियो । बिहान ७ बजेदेखि बेलुकी साढे ६ बजेसम्म चलेको घुम्ती सेवामा राजदूतावासको ५ वटा काउन्टरबाट सेवा प्रदान गरिएको थियो । एनआरएनए पदाधिकारी तथा स्वयंसेवीहरूले सेवामा विशेष सहयोग पुर्‍याएका थिए ।

यस्तै घुम्ती सेवा सञ्चालनका लागि एनआरएनए सदस्यहरू, बुरैदा इस्लामिक सेन्टर, एभरेस्ट होटल, र नेपाली युवा क्लब अलकासिमको महत्वपूर्ण भूमिका रहेको आयोजकले जनाएको छ । घुम्ती सेवाले श्रमिकहरूलाई लामो यात्रा र खर्चिलो प्रक्रियाबाट मुक्त गराएको थियो ।

# कतारी आइडी र पासपोर्टको म्याद सकिएका श्रमिकको फाराम दूतावास आफैंले भरिदिने




**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १३ असोज

अनलाइनमार्फत भर्न मिल्ने पासपोर्ट नवीकरणका लागि फारम भर्न नसकिएको गुनासो बढेसँगै कतारमा रहेको नेपाली दूतावासले समस्यामा परेका श्रमिकको फाराम आफैं भरिदिने भएको छ । आइतबार एक सूचना जारी गर्दै दूतावासले आगामी शुक्रबार कतारी आइडी र पासपोर्टको म्याद सकिएका श्रमिकहरूको एन खालिदमा रहेको नेपाली दूतावासमा बिहान १० बजेबाट अपराह्न ४ बजेसम्म फाराम भरिदिने जनाएको छ ।

राहदानी नवीकरण गर्न आउने श्रमिकले आफ्नो नेपाली नागरिकताको दुवैतिरको फोटोकपी, राहदानीको फोटोकपी, सक्कली राहदानी, कतार आइडी र १ सय ८५ कतारी रियाल लिएर आउन नेपाली नियोगका प्रथम सचिव कृष्ण कुमार सुवेदीले आग्रह गरेका छन् । पासपोर्टको स्लट नखुल्ने र खुले पनि मिनेटभरमै कोटा सकिने गरेको गुनासो बढेसँगै एनआरएनए एनसीसी कतार र कतारमा स्थापित विभिन्न संघ संस्थाहरूबीच छलफल गरी एक कार्यक्रममार्फत दूतावासलाई अप्ठेरोमा परेका श्रमिकका समस्या तत्काल समाधानका लागि आग्रह गरेको थियो ।

दूतावासले श्रमिकका गुनासो र समस्यालाई सकारात्मकरूपमा लिँदै समाधानको पहल थालेकोमा खुसी व्यक्त गर्दै एनसीसी कतारका अध्यक्ष रमेश भट्टले यस्तै कार्यक्रम निरन्तर चल्ने र राहदानी नवीकरण समस्या समाधान हुँदै जाने विश्वास व्यक्त गरे । कतारस्थित नेपाली नियोगसँग दैनिक २२० पासपोर्ट नवीकरण गर्ने क्षमता भए पनि कतारबाट दैनिक ३५० को हाराहारीमा पासपोर्ट नवीकरण हुने गरेका छन् । विदेशमा रहेका ३८ वटा नेपाली नियोगमध्ये कतार को नियोगले गत आर्थिक वर्षमा सबैभन्दा धेरै ५५ हजार पासपोर्ट नवीकरण गरेको अभिलिखित छ ।

**SARJEE NEPA PVT LTD**
Kirtipur-09, Kathmandu, Nepal
Pan: 610255168
Tel No.: +977 9802342348 Email: sarjeenepa@gmail.com

| S.NO | PRODUCT NAME | MRP |
|---|---|---|
| | KITCHEN CHIMNEY | |
| 1 | KA Cooker Hood Alicia HMS BLK 90 | 64,880.00 |
| 2 | KA Cooker Hood Theo Auto Clean 90 | 70,880.00 |
| 3 | KA Cooker Hood Optimus Blk 90 | 82,880.00 |
| 4 | KA Cooker Hood Serena Plus Grey AC 90 | 120,880.00 |
| | BUILT IN HOB | |
| 1 | KA Hob Hazel 3B 75 CM | 64,880.00 |
| 2 | KA Hob Hazel 4B 86 CM | 70,880.00 |
| 3 | Ka Hob Aster 4B 60CM | 72,880.00 |
| 4 | Ka Hob Aster 4B 80CM | 74,880.00 |
| 5 | Ka Hob Aster 5B 86CM | 92,880.00 |
| 6 | KA Hob H100060 Siena 3B 78 CM | 72,880.00 |
| 7 | KA Hob H100057 Adonia 4B 80 CM | 84,880.00 |
| 8 | KA Hob Ivana 3B 75 CM | 78,880.00 |
| 9 | KA Hob Ivana 4B 86 CM | 88,880.00 |
| 10 | KA Hob Ivana 5B 86 CM | 94,880.00 |
| | BUILT IN MICROWAVE | |
| 1 | KA Microwave MW00002 CARLO 31L (SS) | 108,880.00 |
| | BUILT IN OVEN | |
| 1 | KA Oven Orion 70 | 104,880.00 |
| 2 | KA Oven PLATINUM PLUS | 146,880.00 |
| 3 | KA Oven Royal Classic 67 | 108,880.00 |
| | DISH WASHER | |
| 1 | KA Dishwasher DW100004 Emilio | 166,880.00 |
| 2 | KA Dishwasher DW100005 Calico | 162,880.00 |

The above prices are inclusive of 13% VAT.

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग**
## लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालय
**धुन्चे, रसुवा**

**बोलपत्रद्वारा काठ लिलाम बिक्रीको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८१/०६/१४**

नेपाल वाटर एण्ड इनर्जी डेभलप्मेन्ट कम्पनी प्रा.लि. (NWEDC) प्रस्तावक रहेको श्री माथिल्लो त्रिशुली १ (२१६ मे.वा.) जलविद्युत आयोजना र राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग बीच मिति २०७०/९/५ मा भएको सम्झौता तथा यस कार्यालयको मिति २०७७/१२/१ को कटान आदेस अनुसार उक्त आयोजनाले विभिन्न प्रजातिका २५९ वटा रुखहरू कटान मुछान गर्दा निस्किएका मध्य गोसाईकुन्ड गाउँपालिका, वार्ड नम्बर ६ को त्रिशुली खोलाको किनार, मैलुङमा घाटगद्दी गरी राखिएका विभिन्न प्रजातिका गोलिया थान ५४४ को ४२९६.७४ घनफिट (न्यूनतम मूल्य रु. ७,२५,७३२/- (मूल्य अभिवृद्धि कर बाहेक) र संकलन मूल्य रु. ८,०२,३३०/- गरि जम्मा मूल्य रु. १५,२८,०६२/-) काठहरु जे जस्तो अवस्थामा छन्, सोहि अवस्थामा गोप्य सिलबन्दी बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नुपर्ने भएको हुँदा उक्त काम गर्न अनुमति प्राप्त इच्छुक बन पैदावारको कारोबार गर्ने काष्ठ व्यवसायी वा फर्म वा कम्पनीले बोलपत्र पेस गर्नुहुन यो २१ दिने सूचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको लागि लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय, धुन्चे, रसुवामा सम्पर्क गर्न सकिनेछ ।

**लाङटाङ राष्ट्रिय निकुन्ज कार्यालय, रसुवा ।**
**सम्पर्कः ०१०-५४०२१९**

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
## भरतपुर अस्पताल, चितवन

**बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०६/१४**

भरतपुर अस्पतालको लागि तपसिलमा उल्लेखित कम्प्युटर, प्रिन्टर तथा एसोसेरिज जन्य सामाग्री (as per technical specifications) बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मू.अ.करमा दर्ता भएका इच्छुक ईजाजत प्राप्त कम्पनी/फर्म तथा सप्लायर्सले रितपूर्वकको बोलपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको Website- www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत जानकारी एवं शर्तहरु बोलपत्र सम्बन्धी कागजातमा उल्लेख गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल :-**

| क्र.सं | ठेक्का नं. | विवरण | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. |
|---|---|---|---|---|
| 1. | 12–2081/082 | Computer, Printer and Accessories procurement | 1,70,000. | 3000.0 |

**नि.प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट**

**साउदीमा रोजगार** | कम्पनीः ABDULAZIZ AMID BIN ABDULAZIZ AL BADRAN CAFE FOR SERVING DRINKS शहरः Jeddah
पूर्व स्वीकृत मितिः २०८१/०६/१० चलानी नं.: ६०२२५९५२ L.T. No.: 311314

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Pigeon H.R. Solutions Pvt. Ltd.**
Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौं, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com

**Cyprus मा रोजगार** | G. Paphios Private Employment Immigration Services, Cyprus
पूर्व स्वीकृती मिति २०८१।०६।१३ चलानी नं. ६०२२५९४९ LT.No. 311444 शहर Limassol

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 20 | - | | 400 | ५९,६६०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क / लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | रु. ३५,०००।- |

अन्तर्वार्ता २०८१ असोज २१ गते (7 October, 2024) मेनपावर कार्यालय कोटेश्वरमा हुनेछ ।

**Kosh Overseas Pvt. Ltd.** इजाजत नं. १५०६।०७४।०७५
Seti Opi Marg,Koteshwor-32, Kathmandu, Ph no. 01-4537535, 4537536, 9851197732

**SAUDI मा रोजगार** Al Kifah Transport
पूर्व स्वीकृति मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९६१ LT No. 311393

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Heavy Truck Driver | 18 | 00 | | 1800 | ६४,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ असोज २१ गते (7 Oct., 2024) यस प्रा. लि. को कार्यालय कुलेश्वर, काठमाडौंमा हुनेछ ।

**अराउण्ड द वर्ल्ड सर्भिसेज् प्रा. लि.**
श्रम इजाजत नं.: १०३/०७४/०७५
कुलेश्वर, काठमाडौं, फोनः ०१-५३७२०८०, ५३०१३५९, Email : awsnepal@gmail.com

**कुबेतमा रोजगार** | कम्पनीः VAMOUS COMPANY TO DELIVER CONSUMER ORDERS शहरः Kuwait
पुर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२६००६ LT. No.: 311396

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nepali Light Driver | 37 | 0 | स. काममा दक्ष | 135 | ५९,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SRK ओभरसिज नेपाल प्रा. लि.** साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोनः ०१४९६३४०३, ०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८

**SAUDI मा रोजगार** AL-TAQNIAT AL-FUNAYYA For Contracting
पूर्व स्वीकृती मितिः २०८१/६/१० चलानी नं. ६०२२५९१० LT.No. 311348

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading And Unloading Worker | 10 | काममा दक्ष | 1000 | ३५,७००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०८१ असोज २१ गते (7 Oct., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**AAROHI HR Solutions Pvt. Ltd.** — **आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Govt. Lic. No: 1244/074/075
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902

**साउदीमा रोजगार** | कम्पनी : NASSER MANEA AL-KHALAWI FOR ARCHITECTURAL CONTRACTING
पुर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९४२ LT. No.: 311425

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Office And Facility Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**Pritam Employment Pvt.Ltd.**
Govt. Lic. No.: 1468/074/75
Sinamangal-9, Kathmandu (In Front of Airport Gate )
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com

**कुबेतमा रोजगार** | कम्पनीः ROTEX COMPANY FOR GENERAL TRADING AND CONTRACTING/ ALI SALEM ABUHADIDA & PARTNERS
पुर्व स्वीकृत मितिः २०८१/०६/१३ चलानी नं.: ६०२२६००५ LT. No.: 311499 शहरः Kuwait

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | स. काममा दक्ष | 140 | ६१,३२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com
KTM: 9819779867, 9846189358, PKR BRANCH 9856065197, 9815184464, NEPALGUNJ BRANCH: 9851166822, 9863160525

मध्यान्ह
www.madhyanhadaily.com
१४ असोज २०८१, सोमबार
30 September 2024, Monday

## सम्पादकीय

# विपद्मा अल्मलियो सरकार

अविरल वर्षापछि शुक्रबार राति गएको बाढी र पहिरोमा परेर मृत्यु हुनेको संख्या आइतबार रातिसम्म १७० जना पुगेको छ भने ४२ जना बेपत्ता र १११ जना घाइते भएका छन् । उद्धार कार्य जारी रहेकाले मृतक संख्या अझ बढ्न सक्ने अनुमान गरिएको छ । ५४ वर्ष यताकै उच्च वर्षाका कारण राजधानी उपत्यका सहित सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, मकवानपुर लगायतमा ठूलो क्षति पुगेको छ । पूर्वी नेपालका केही जिल्लाहरूमा पनि बाढी र पहिरोबाट ठूलै संख्यामा जिउधनको क्षति पुगेको थियो । तर राजधानीको खोला करिडोर क्षेत्रमा बढी प्रभाव देखिएको छ । मृतक मध्ये आधा भन्दा धेरै मृतक राजधानीभित्रै छन् । मृतक र प्रभावित मध्ये धेरैजसो गरीब परिवारका छन्, जो खोला किनारमा बस्ने गर्थे । त्यस बाहेक सडक यात्रा गरिरहेकाहरूले पहिरोमा परेर ज्यान गुमाएका छन् । घर र बस्ती नै बगाएर लैजाँदा पनि कयौले ज्यान गुमाएका छन् ।

यो तहको मानवीय संकट निम्तन सक्ने पूर्वानुमान जल तथा मौसम विज्ञान विभागले लगातार दिएको थियो । मौसम सम्बन्धी सूचनालाई लिएर आमसञ्चार माध्यमहरूले जानकारीमुलक समाचार तयार पारेका थिए । औसत भन्दा बढी वर्षाको संभावना रहेकाले संभावित क्षतिबारे पर्याप्त जानकारी दिइएको थियो । तर सरकारले पूर्वतयारी सम्बन्धी ठोस् काम गर्नै नसकेको रहँछ । बुधबारबाट वर्षा सुरू हुनु र शुक्रबार राति अत्याधिक वर्षा भएर ठूलो संख्यामा मानवीय क्षतिको सूचना आउँदा पनि सरकारले उद्धारको कार्यमा प्रभावकारी बनाउन सकेन । यदि पूर्वतयारी राम्रोसँग गरिएको हुन्थ्यो भने कम्तिमा आइतबारसम्म उद्धार कार्य सकिनु पर्थ्यो । तर प्रकोपको तीन दिनसम्म पुरिएका सवारी साधनमा हराएकाहरूको अवस्था सरकारी संयन्त्रले पत्ता लगाउन सकेन । बीच बाटोमै अलपत्र परेकाहरूलाई उद्धार गर्न सकेन । शनिबार बिहान ललितपुरको नख्खु खोलामा उद्धारको पर्खाइंमा छतमा बसेकाहरू बगेको भिडियो भाइरल नै बन्यो ।


आइतबार रातिसम्म राजधानी उपत्यकासँग सम्बन्ध बिच्छेद भएका कुनैपनि सडक सञ्चालनमा आउन सकेको छैन । यसको अर्थ राजधानी देशका सबै भूभागबाट अलग हुन पुगेको छ भने अरू भूभागबाट राजधानी आउन सक्ने अवस्था छैन । तर सरकारी संयन्त्रले अवरूद्ध सडकहरू सञ्चालनको पहल कदमी धेरै परको कुरा भयो, हराइरहेका नागरिक र अलपत्र परेकाहरूलाई उद्धार गर्न समेत सकेको छैन । कतिसम्म भने हराइरहेका मानिस, सवारी साधन अथवा अरू संरचनाको अभिलेख समेत तयार पार्न सकिएको छैन । जबकी मुलुकमा तीन तह गरी ७६१ वटा सरकार छ । सरकारी संयन्त्र र राजनीतिक संरचना वडासम्म फैलिएको छ । तर पूर्वानुमान गरिएकै संकटमा समेत यो तहको निकम्मापन देखिनुमा सरकार हरूबीच प्रभावकारी समन्वय नहुनु र विपद् प्रतिकार्यमा राज्य कमजोर रहेकै पुष्टि हुन्छ । भविष्यमा यस्ता संकटबाट बच्न पनि वर्तमानमा भोग्नु परेका समस्याको समेत पहिचान गरिनु आवश्यक छ । तर त्यो भन्दा पनि उद्धार, राहत र अस्थायी पुनर्स्थापनामा जोड दिनु हामी सबैको दायित्व हो ।

# जनताका मुद्दाबाट च्युत नेतृत्व

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



देश प्रायः सबै सुरक्षित हुने गरेका छन्, कारण विश्वयुद्धको महाचपेटाबाट प्रायः सबै देशहरूले मुक्ति पाइसकेका छन् र संयुक्त राष्ट्र संघको आगमन भइसकेको छ । त्यसो त यसको पुरानो नाम लिग अफ नेशन हो र यो हुन्जेल धेरैले असुरक्षित महसुस गरे र दोस्रो महायुद्ध भयो, सकियो, सकिएपछि युएनको आगमनले सबैले सुरक्षित महसुस गरे । तर, पनि पछिल्ला दिनहरूमा शान्तिको झल्को त कमै आएको छ, पछिल्लो उदाहरण रसिया युक्रेन नै छ । यो त बाह्य कारण भयो, देश अझै सुरक्षित हो । श्रीलंका र बङ्गलादेश पनि तर, आन्तरिक रूपमा त्यहाँका नेताहरू असुरक्षित रहे र भागे पनि ।

संघीयता, गणतन्त्र र लोकतन्त्र बोक्ने विश्वकै सर्वाधिक सुरक्षित देश हो अमेरिका, तर यहाँ भन्नैपर्ने भयो, त्यहाँ युनएन बैठकमा भाग लिन पुगेको हाम्रो नेतृत्व असुरक्षित भयो र सिटदेखि ब्यानरसम्म मिलाइसकेको कार्यक्रम रद्द भयो । यसले विश्वमै के मेसेज गयो थाहा छैन तर, संसदका महासचिवदेखि छिमेकी उच्च नेतासँगको हात मिलाइ भने बडो सुन्दर थियो । ठुलासँग फोटो खिचाउने सौभाग्य हाम्रो नेतृत्वले अतीतदेखि नै पाएको हो तर, यहाँका सानातिनाहरूसँग हात मिलाउन हाम्रो नेतृत्वले जानेको छैन । अतः सानातिनाहरूको यहाँ व्यापक निर्यात छ, वस्तुको व्यापक आयात छ र भनौं विप्रेषणको व्यापक नै आगमन छ । यसो भनौं आन्तरिक ऋण र बाह्य ऋणले देश थला परेको छ । अझ भनौं यहाँको नयाँ नेतृत्वसँग सिँगौरी खेल्न बलबुता थपका लागि पनि हाम्रो नेतृत्वले मित्रहरूसँग हात मिलाएर शक्ति प्रदर्शन गर्न जरुरी परेको छ ।

जतिबेला अमेरिकाको कार्यक्रम रद्द हुँदै थियो, यहाँ हाम्रो नेतृत्वमाथि च्यालेन्ज गर्नेहरूलाई घरमै गएर धरपकड हुँदै थियो र जो प्रहरीको भऱ्याङ नियन्त्रणमा परे उनी भन्दै थिए: जीउमा एक थोपा रगत हुन्जेल म फलानोलाई छोड्दिन । अर्को पनि प्रसङ्ग, पूर्व त्यही सन्ध्यामा नयाँ उदाएको अर्को शक्तिलाई कार्यालयबाटै कऱ्याप-भ्ऱ्याप पार्ने गरी कार्यालय घेराउ भइरहँदा नयाँ शक्तिको नेतृत्व भने ठुलै स्वरमा हुङ्कार गर्दै थियो र उसलाई लिन गएको प्रहरी रित्तो हात फर्किएको थियो । धेरैले भने, यिनै दुई कारणको साइड इफेक्ट थियो जसबाट हाम्रो नेतृत्व अमेरिकामा असुरक्षित भई तयारी कार्यक्रम रद्द गर्दै थियो ।

लोकतन्त्रको आगमनपछि देशमा सयौं काण्डहरू उजागर हुँदै गरेका र यो पंक्ति तयार गर्दै गर्दा जीउमा रगत हुन्जेल लड्ने भनिएका अभियन्ता प्रहरी नियन्त्रणमै वीर अस्पताल भर्ना गरिएका छन् । र, अर्का व्यक्तिलाई भने उनलाई नपक्री मलाई किन पक्रेको भन्दै गरेको समाचार प्रसार भइरहेको थियो, भन्ने ती व्यक्ति थिए जीवी, रवि, छवि समूहका र पोखरा लगिएका सहकारीका एक पात्र । देशवासीले थरीथरीका गृहकार्य पाएको धेरै समय भइसकेको छ । अन्य रोजगारी नभएकाले सडक तताउने रोजगारी हाम्रो लोकतन्त्रले भरपुर दिएको छ । सँगै, पछिल्लो समय दुई तिहाइको नेतृत्वले अझ बढी, न्याय वेत्ताहरूले भन्दैछन्, यो दुई तिहाइको स्वरूप महाकाली सन्धिकै हो । नयाँ होइन, इट इज् बिन अलरेडि टेष्टेड, एण्ड नो होप् अफ फर्दर प्रोग्रेस फ्रम् दिस भनिँदै छ । गृहकार्य पनि कति-कति, नदी किनाराको थप २० मिटरका लागि सबैलाई गृहकार्य छ । सडकमा, थापाथली, बानेश्वरमा त सधैं गृहकार्य छ, अरू सडकमा पनि छ, सामाजिक सञ्जालमा त अझ बढी छ । अमुक व्यक्तिलाई साइबर अपराध भन्दै नियन्त्रणमा लिइरहँदा झापामा तीन वटा ट्रक जलेको, एक थुनामा परेर फूलमालासहित निस्केका त्यसमा पनि शुभकामनाका जुलुस निकाल्नु परेको, मानौं गृहकार्य प्रशस्त छ । लोकतन्त्रले दिएको, यत्ति हो कि विद्युतीय कारोबार ऐन त त्ससम्बन्धी कारोबार, वस्तुको क्रय-विक्रय गर्नेलाई पो लगाउनु पर्ने त नेतृत्वलाई ठाडै गाली गर्नेलाई लगाइएको मिल्यो र भनिँदै छ, भनौं वकिलकै भाषामा पनि हाम्रो यो ऐन गलत रूपमा प्रयोग गरियो, विदेशमा यस्तो गलत व्याख्या हुन्न । यो त अदालतले निर्णय गर्ने कुरा होला तर, अदालतका परमादेशहरूलाई भ्याकेट माग्ने हाम्रो नेतृत्व भने लोकतन्त्रको असुल नमुना बनेको छ ।

*हाम्रो लोकतन्त्र कसैको पेवा बनेको छ, निजी स्वार्थमा फसेको छ, संविधानका धाराहरू प्रयोगमा आएका छैनन्, शिक्षा र स्वास्थ्यमा संविधानले परिकल्पना गरेको काम हुन सकेको छैन । बिचौलियाहरूको बिगबिगी र सिन्डिकेट हटेको छैन । नेतृत्वकर्तासँग जनता होइन, आफ्नै स्वार्थका मुद्दा छन् ।*

पंक्तिकार सात दशक लगभगमा छ र जानेबुझेदेखि उसलाई थाहा छ, कहाँ कुन जग्गा बगर थियो, कुन कहाँ दिउँसै स्याल कराउँथे र झाडीमा एक्लै दुक्लै हिँड्न नसक्ने अझ भनौं एक कदम अघि बढेर, लास पोल्ने मसान घाटमाथि अहिले आलिसान महल छ । भूत, प्रेत भनिने स्थान, नाग बस्ने बा जलचर अडिन सक्ने अब कुनै स्थान बाँकी छैन, राज्य हाँक्ने अदूरदर्शी नेतृत्वको परिणाम त होला यो । नभए हामीभन्दा विशाल र भीमकाय नदी भएका देशहरूमा बसोबासको व्यवस्था कसरी मिलाइएको होला त, हाम्रा नदी त आकारले कति नै छन् र व्यवस्थापन गर्न चाहने हो भने ठुलो कुरै छैन, हेर्दाहेर्दै काठमाडौं मरुभूमि भएको अवस्था छ अहिले भनौं अब यो मृत्युको सहर भइसकेको छ । यसबाट बचाउन प्रयत्न गरिरहेका नयाँ र स्वतन्त्र अमुक पुस्तासँग पुरानो पुस्ताको पानी बाराबार छ र इन्द्रजात्रामा समेत आम्नेसाम्ने नहुने अवस्था रहेको छ । संस्कृति वा धर्मले जोड्ने काम गर्नुपर्ने हो तोड्ने होइन । लोकतन्त्रले जुटाउनेभन्दा काम फुटाउने गरेकाले पनि सुरक्षित देशमा हाम्रो नेतृत्व असुरक्षित भएको हुन सक्छ ।

देशमा सम्बोधन गर्नुपर्ने इस्यूहरू धेरै छन् तर, बाल मन्दिर प्रकरणलाई क्लोज गर्नका लागि र भुटानी शरणार्थी, एनसेल, यति, ओम्नी, वाइडबडी, ललिता निवास, गोकर्ण रिसोर्ट तमाम फाइलहरूलाई चीर निद्रामा राख्नका लागि एकाएक दुई तिहाइको नेतृत्व आएको भनिँदैछ । यो पंक्तिकारले भनेको होइन, सडकमा सबैजसोले यसो भनेको उसले सुनेको छ । देशभित्र उदाएको नयाँ शक्तिसँग हाम्रो पुरानो नेतृत्वको लिँडे ढिपी किन रहिरहेको, किन संवाद नगरेको र सधैं सडकमा लागेको नारालाई सम्बोधन किन नगरेको, यो यक्ष प्रश्न हो । देशको पुरानो नेतृत्वले अरूलाई जिम्मा दिने बेला भएको अहिले होइन धेरै भइसक्यो र अर्ति उपदेश, वेदान्ती प्रवचनले अब जनता मान्नेवाला छैनन् र ती कर, ऋण, महँगीको मारमा परिसकेका छन् । घर, गोठ खालि भइसकेको छ, आशालाग्दो कतै छैन, सुशासनको नाममा जनताले पाएको असह्य पीडाले त्रस्त छन् ती, बाटोघाटा मात्रै नराम्रा भएका होइनन् अन्य पिडा धेरै छन् । सेवा प्रवाह नाम मात्रको छ, सेवा शुल्क ज्यादै महँगो छ, निजी व्यापारी भनौं कम्पनीको रूपमा चलेको जस्तो छ देश, पालिकाहरूलाई प्रालि भनेको अवस्था छ आम जनमानसको जिब्रोले ।

दिसा पिसाब गरेको पैसा लाग्छ, फ्रि पार्किङको अभियान लिने महानगर प्रमुखसँग सिङ जुधाएको छ सिंहदरबारले, आफैं, चलाउँछु धरहरा भनेको अवस्था छ । न्यूरोडमा सिँगौरी खेल्न गएको संघीयता कमलादी र जय नेपालको भ्वाङ्ग टाल्न तम्सँदैन, मेलम्चीका नाममा सधैं उधारो सपना देखाउँछ हाम्रो नेतृत्व । नैतिकता कता हो कता छ । दिल्लीका मुख्य मन्त्री केजरीवालले दिल्लीलाई हराभरा बनाए, मुद्दा पनि पऱ्यो उनलाई, चुनावभरि अदालतले रिहा गर्न पनि भन्यो, भए पनि, मुद्दा टुङ्गिएर रिहापछि पुन मुख्य मन्त्रीमा गएनन्, अरूलाई पठाए, नैतिकताको आधारमा म बस्दिन भने उनले, जबसम्म चुनावबाट फेरि आउँदिन म पद लिन्न भने । त्यहाँ लोकतन्त्र फलेको छ, फुलेको छ, शासन सत्ता बदलिए पनि स्थायी सरकार निजामती संयन्त्रमा खासै फरक पर्दैन । त्यहींको नेतृत्वसँग हात मिलाउन हाम्रो नेतृत्व अमेरिका पुगेको छ । हाम्रो नेतृत्वमा नैतिकता कता छ र निजामती संयन्त्र पूरै नेताहरूको भरिया बनेको छ, नयाँ नोटमा चुच्चे नक्सा आउला ? पाठ्यक्रममा त देखिएन ।

हाम्रो लोकतन्त्र कसैको पेवा बनेको छ, निजी स्वार्थमा फसेको छ, संविधानका धाराहरू प्रयोगमा आएका छैनन्, शिक्षा र स्वास्थ्यमा संविधानले परिकल्पना गरेको काम हुन सकेको छैन । बिचौलियाहरूको बिगबिगी र सिन्डिकेट हटेको छैन । प्रकृतिको दोहन पनि रोकिएको छैन । स्वच्छ खानेपानी, सर्वसुलभ खाद्यान्नको आपूर्ति भएको छैन । आयातमा निर्भर भएको खाद्यान्नमा नेतृत्वले भन्सार, अन्तःशुल्क भनौं अप्रत्यक्ष कर धेरै लगाएको छ र प्रत्यक्ष करको मारमा परेका छन् जनता, बस्तुको उत्पादन छैन । धानको उत्पादन बढेको भनियो कृषि मन्त्रालयबाट, यस्तो रेकर्ड दिइरहँदा चामलको मूल्य पनि तीव्र बढ्दैछ । रोजगारी भनौं आयस्रोतको अभाव भएकाले रोजी रोटीको समस्या छ र जसको आयस्रोत छ एक बच्चाको शिक्षा र स्वास्थ्यमै रकम धान्न नसकेको अवस्था छ र मानिसले बच्चा जन्माउनै छोडे, जनसंख्या वृद्धि दर माइनसतिर जाने लागेको छ र देशको जन शक्ति योजना फोस्रो भएको छ । भएको जनशक्ति विदेश पोखिएको छ । यहाँ बसेको जनशक्तिलाई थरी थरीको गृहकार्य दिएर नेतृत्वले सडकमा अलमल्याएको छ । जसले रोजगारी पाए ती धेरै राजनैतिक रोजगारीमा मात्रै छन् । देश उच्च ऋणमा छ, उच्च व्यापार घाटामा छ, बैंकहरूमा तरलताको वृद्धि भई निक्षेपको व्याज छैन र व्याज कर वृद्धि गरेको छ नेतृत्वले ।

उद्यमीहरू लगानी गरी उत्पादन गर्ने होइन, व्यापार गरी धनी हुने प्रयासमा छन्, विदेशी सहयोग ओइरो लागे पनि मरुभूमिको बालुवामा हालेको पानी समान भएको छ । गरिवी निवारण गर्न आएको लघुवित्त र सहकारीको केस सडक भरि छताछुल्ल भएको छ र सहकारीकै कारण भन्दै संसदले गृहकार्य पाएको छ र दिएको छानबिन प्रतिवेदनको समान व्यवहार भएन, कसैलाई नियन्त्रणमा लिइयो कसैलाई लिइएन, दसैंमा खसी बोका छाने जस्तो भयो भनेर सडक तातेको छ र यस्तै-यस्तै कारणको परकम्प बन्न पुगेको छ युएसएको कार्यक्रमको स्थगन । जुन अभियानले देशमा गरिबी न्यूनीकरण भनियो त्यही अभियानले गरिबी बढायो यो पछिल्लो पञ्च वर्षीय योजनाको आँकडाले बताएको हो, अरूले होइन । समग्रमा भन्नुपर्दा उदाउँदा नयाँ पुस्तालाई सत्ता सुम्पेर देश जोगाउनुमै सबैको कल्याण होला, सबै जुरुक्कै एकैपल्ट उठे भने समय ढिलो भइसक्ला ।

## सामाजिक सञ्जाल



**- भिमार्जुन आचार्य**

यस पटक मौसमविद्हरूले सम्भावित खतराको जानकारी र चेतावनी समयमै दिएका थिए । यसका बाबजुत सरकारको जिउँदो उपस्थिति कहीँ कतै देखिएन । बुवाको तिथिका लागि सडकमार्गबाट दाङ आएको छु । नारायणगढ-बुटवलखण्डको सडक अवस्था देख्दा सरकार नामको कुनै चीज यो देशमा छ, जस्तो लागेन । विपत-संयमता अपनाउ तर, अब नसहौं ।



**- नारायण अमृत**

पूर्वतयारी र उद्धारमा देखिएको सरकारी समस्या आलोचनायोग्य छ । तर, अर्को सत्य कुरा के पनि हो भने उपत्यकाका धेरै ठाउँका बस्तीमा खोला पसेका होइनन्, बस्तीहरू खोलाको ठाउँमा बसेका हुन् । उपत्यकाको शहरी बस्ती व्यवस्थापन नसच्याएसम्म यो नियति पटक-पटक दोहोरिन्छ ।



**- विनोद न्यौपाने**

यहाँ तिम्रा राजनैतिक बैठकको खाँचो होइन, यहाँ विपद् व्यवस्थापन, तिन सरकारबिच, अन्तर सरकारी समन्वय गरी कार्यान्वयनमा लागौं के-के गर्न सकिन्छ, सक्ने अवस्था छ के छ; सुरु गरौं चाडबाड आयो भन्ने काम सुरुवाती बैठकको खाँचो हो ! कामको सुरुवातको खाँचो हो !



**- उपेन्द्र सापकोटा**

मेयर बालेनले सुकुम्बासी हटाउने कुरा चाहीं सुकुम्बासीको भलाइका लागि भन्दा शहर सुकिला मुकिलाको लागि बनाउनका निम्ति हो है । मेयरसँग न सुकुम्बासी समाधानको कुनै योजना छ न सुलभ आवासको । त्यसैले अहिले उनका समर्थकहरूले "देखिस्त बालेनले भन्या होइन" भन्नुको कुनै तुक छैन ।

# मुटुरोगको जोखिम र जोगिने उपाय

स्वास्थ्य



● डा. ओममूर्ति अनिल

*अस्वस्थ खानपान, शारीरिक निष्क्रियता, मानसिक तनाव, मोटोपना र नियमित स्वास्थ्य जाँच नगर्नु, चुरोट र अत्यधिक मदिरा सेवन युवाहरूमा हुने मुटुरोगको प्रमुख कारणको रूपमा लिन सकिन्छ । धेरै चिल्लो, धेरै पिरो, धेरै गुलियो तथा गुलिया पेयपदार्थहरूको सेवन गर्ने चलनले पनि उच्च रक्तचापको समस्या बढेको विभिन्न अनुसन्धानहरूले पुष्टि गरेको छ ।*

विश्वमै मुटुरोगको जोखिम केही दशकयता ह्वात्तै बढेको छ । खासगरी युवापुस्तामा कम उमेरमै मुटुरोगको समस्या बढ्दै गएको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार ८० प्रतिशत बढी मुटुरोगका कारणले हुने मृत्यु नेपालजस्ता निम्न र मध्यम आय भएका राष्ट्रहरूमा हुने गर्दछन् । नेपाललगायत दक्षिण एसियाली राष्ट्रहरूमा युवामा मुटुरोगको प्रकोप बर्सेनि बढ्दै गएको देखिन्छ । केही वर्षअघिको तथ्याङ्कअनुसार विकसित राष्ट्रहरूमा हार्टअट्याक (हृदयाघात) हुने औसत उमेर ६० वर्ष भने तापनि अविकसित राष्ट्रहरूमा १० वर्ष अगाडि हुने देखाएको छ । भारतमा हृदयाघात हुने औसत उमेर ५० वर्षको हाराहारीमा रहेको देखाएको छ भने दुई तिहाइ मृत्यु कम उमेरका व्यक्तिहरूलाई हुने गरेको अनुसन्धानबाट देखिन्छ । विश्वव्यापी रूपमै वातावरणीय प्रदूषणका कारण पनि मुटुरोग समस्या बढिरहेको पाइन्छ ।

अस्वस्थ खानपिन, शारीरिक निष्क्रियता, मानसिक तनाव, मोटोपना र नियमित स्वास्थ्य जाँच नगर्नु, चुरोट र अत्यधिक मदिरा सेवन युवाहरूमा हुने मुटुरोगको प्रमुख कारणको रूपमा लिन सकिन्छ । धेरै चिल्लो, धेरै पिरो, धेरै गुलियो तथा गुलिया पेयपदार्थहरूको सेवन गर्ने चलनले पनि उच्च रक्तचापको समस्या बढेको विभिन्न अनुसन्धानहरूले पुष्टि गरेको छ । अधिकांश युवाहरूमा मुटुरोगप्रतिको सचेतना अझै आउन सकेको देखिँदैन । आधुनिकीकरणले अस्वस्थ जीवनशैली बढिरहेको देखिन्छ । युवाहरूमा यो समस्या बढी देखिनुको मुख्य कारणहरूमा शारीरिक व्यायाम नगर्ने, मदिरा चुरोटको सेवन बढी गर्ने, स्वास्थ्य जाँच नगर्ने, औषधि खान नचाहने आदि प्रमुख कारण हुन् । युवाहरू मानसिक तनावको सिकार पनि बढी भएको र यसले पनि मुटुरोगको समस्यालाई बढाएको देखिन्छ । अध्ययन अनुसन्धानले ९० प्रतिशत हृदयाघात रोकथाम गर्न मिल्ने बताउँछ । आजको परिस्थितिमा युवाहरूले मुटुरोग र हृदयाघातबाट बच्न लिनुपर्ने निम्न पाँच व्यावहारिक सावधानीहरूमा ध्यान दिनु आवश्यक छ ।

अधिकांश युवाहरूमा कुनै न कुनै किसिमको मुटुरोगका कारणहरू अदृश्यरूपमा रहेको १० वर्ष अगाडि गरिएको अनुसन्धानमा देखिएको थियो । अनुसन्धानको क्रममा अधिकांश युवाहरूले मलाई मुटुरोगको कुनै लक्षण नै छैन, किन जाँच गर्नुपऱ्यो भन्ने धारणा राखेका थिए । त्यही गलत धारणा र भ्रममा पर्दा समयमै आफूभित्र उक्त रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रलजस्ता समस्याहरू भएको थाहा पाउन सकेनन् र पछि एक्कासि जटिल समस्या भोग्नुपरेको देखिन्छ । त्यसैले समय अनुकूल बाहिर केही रोगको लक्षण नदेखिए तापनि स्वास्थ्य जाँच गरेकामा मुटुरोगको जटिलताबाट बच्न सकिन्छ ।

हाम्रो अनुभवमा सहरी भेगमा बसोबास गर्ने ४० वर्षमुनिका युवाहरूमा मुटुरोगका कारणका लागि औषधिको सेवन गर्नुपर्ने देखिन्छ तर यति कम उमेरमा औषधि सेवन गर्न हुन्न भन्ने भ्रममा परी चिकित्सकको सल्लाह विपरीत औषधि सेवन नगरेर स्वास्थ्य दुर्घटना हुने गरेको पाइन्छ । समयमै औषधिको प्रयोग महत्व बुझी यस्ता दुर्घटनाबाट जोगिन सकिन्छ । औषधिको साइडइफेक्टका बारेमा भ्रम पालेर चाहिने अवस्थामा पनि सेवन नगरी हताहत भएको रोगले युवा अवस्थामै जटिलतामा प्रवेश गरेको अनेकौं उदाहरण छन् ।

हाम्रो समाजमा असंख्य युवा चुरोटको सेवन गर्दछन् । चुरोटको कुल तुरुन्तै केही हानि गरेको नदेखेता पनि यसले अदृश्य रूपमा मुटुमा असर गरिरहेको हुन्छ । एक/दुई खिल्लीले पनि पछि गएर मुटु रोगको जोखिम निम्त्याउन सक्ने तथ्यबाट अभिज्ञ भएको देखिन्छ । बिग्रँदो जीवनशैलीले गर्दा अधिकांश युवाहरूमा जङ्कफुट/फास्टफुड अर्थात् तयारी (पत्रु) खाना र घर बाहिरको खाने गरेको देखिन्छ । इच्छा वा बाध्यताले जेले भए पनि यसको दुरगामी असरबाट बच्न गाह्रो छ । दुर्भाग्यवश अधिकांश युवाले फास्टफुडको सेवनले स्वास्थ्य र मुटु रोगको प्रकोपलाई नजरअन्दाज गरेको देखिन्छ । समयमै यस्तो खालको खाद्य संस्कृतिमा सुधार गरी आफ्नै घरमा बनाएको स्वास्थ्यकर खाना खाने संस्कार विकास गर्नु आवश्यक छ ।

बिरामी व्यक्ति, औषधि सेवन गर्ने व्यक्ति र वृद्ध व्यक्तिले मात्र बिहानको हिँडाइ वा नियमित व्यायाम गर्नुपर्ने जनधारणा भएको हामी पाउँछौं । त्यसैले होला आधुनिक युगमा शारीरिक रूपमा निष्क्रिय र मोटोपनको सिकार भएका विचार किशोर र युवाहरूको सङ्ख्या बढ्दै गएको देखिन्छ । आधुनिकताले निकट भविष्यमा यसको सङ्ख्या घट्ने देखिँदैन । कुनै प्रकारको नियमित शारीरिक गतिविधिमा आफूलाई संलग्न गर्नुपर्छ । खेलकुद, साइकल, पौडी, योगा, अभ्यास, जुम्बा आदि जे गरे पनि हुन्छ । आफ्नो परिस्थिति अनुकूल व्यायाम रोज्न सक्नुपर्छ । मुटु रोगको थालनी पहिले ४० वर्षमै भइसक्ने विभिन्न अध्ययन अनुसन्धानले देखाउँछ ।

अन्त्यमा, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ । स्वस्थ आहार र व्यायामले नै शरीरका अङ्गहरूलाई स्वस्थ राख्न मद्दत गर्दछ । वनस्पतिबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ । फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्त नली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ ।

## तपाईंको राशिफल

- मेष : धार्मिक कार्यमा रुचि बढ्नेछ । दैनिक सबै कार्यमा सफलता प्राप्त हुनेछ ।
- वृष : नयाँ सम्पर्क बढ्ने योग छ । अनावश्यक खर्च हुनसक्छ ।
- मिथुन : राजनैतिक कार्य सफल हुनेछ । स्वास्थ्य लाभको योग छ ।
- कर्कट : लगानी बढ्दै जानेछ । जीवनसाथीको राम्रो सहयोग पाइनेछ ।
- सिंह : उन्नतिको मार्ग प्रशस्त हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ ।
- कन्या : शत्रु सक्रिय हुनेछन् । राजनैतिक सहयोग प्राप्त हुनेछ ।
- तुला : पुराना रोकावटहरू समाप्त हुनेछन् । स्वास्थ्य राम्रो रहनेछ ।
- वृश्चिक : राजकीय कार्यमा वृद्धि हुनेछ । धन आर्जन हुने योग छ ।
- धनु : साथीहरूको सहयोग प्राप्त हुनेछ । जग्गा खरिद हुने योग छ ।
- मकर : सामाजिक कार्यमा वृद्धि हुनेछ । नाता-गोतासँग भेटघाट हुनेछ ।
- कुम्भ : विरोधी सक्रिय रहनेछन् तर, असफल हुनेछन् । यात्रा सफल हुनेछ ।
- मीन : प्रभाव र सम्मानमा वृद्धि हुनेछ । वाणी संयम राख्नुहोला ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# अमेरिकामा आँधीका कारण ६३ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** अमेरिकामा 'हेलेन' नामक आँधीका कारण पाँच राज्यमा कम्तिमा ६३ जनाको मृत्यु भएको छ । आँधी प्रभावित क्षेत्रमा बिजुली कटौती भएको छ । उद्धारकर्ताले शनिबार विनाशकारी आँधीबाट बेपत्ता भएकाहरुको खोजी प्रयास जारी राखेका छन् ।

चौथो श्रेणीको आँधीको रूपमा बिहीबार फ्लोरिडामा अवतरण गरेको हेलेन बिस्तारै निष्क्रिय हुँदै उत्तरतर्फ बढेको थियो । अलाबामा, फ्लोरिडा, जर्जिया, नर्थ क्यारोलिना, साउथ क्यारोलिना र टेनेसी गरी छ वटा राज्यमा संघीय आपतकालीन अवस्था घोषणा गरिएको छ र उद्धारका लागि संघीय आपतकालीन व्यवस्थापन प्रशासन (फेमा) का ८०० भन्दा बढी कर्मचारीहरू तैनाथ गरिएको छ ।

हाल 'उत्तर-उष्णकटिबन्धीय चक्रवात' को रूपमा वर्गीकृत गरिएको आँधी ओहायो उपत्यका र मध्य एपलाचियनलाई आइतबारसम्म रहने अपेक्षा गरिएको नेशनल शुरिकेन सेन्टरले जनाएको छ ।

आँधीजन्य विपत्का कारण दक्षिण क्यारोलिनामा कम्तिमा २४, जर्जियामा १७, फ्लोरिडामा ११, उत्तरी क्यारोलिनामा १० र भर्जिनियामा एक जनाको मृत्यु भएको स्थानीय अधिकारी र सञ्चारमाध्यमले जनाएको छ ।

मौसम पूर्वानुमानसम्बन्धी राष्ट्रिय निकायले 'विगत दुई दिनदेखि आएको विनाशकारी बाढीपछि आज स्थितिमा सुधार हुने जानकारी गराएको छ । तर बिजुली कटौती लामो समयसम्म हुनसक्ने चेतावनी दिएको छ ।

आँधीको प्रभावले दक्षिणपूर्वी फ्लोरिडादेखि मिडवेस्ट इन्डियानासम्म १० राज्यमा २६ लाख मानिसहरू विद्युत्को अभावमा अध्यारोमा बसिरहेका छन् ।

# लेबनानका १० लाख नागरिकलाई आपतकालीन खाद्यान्न सहयोग



**काठमाडौं/एजेन्सी–** विश्व खाद्य कार्यक्रमले लेबनानमा जारी द्वन्द्वबाट प्रभावित १० लाख मानिसलाई खाना उपलब्ध गराउन आपतकालीन अभियान सञ्चालन गरेको जनाएको छ । रोमस्थित एजेन्सीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'यो सप्ताह अन्तमा जारी द्वन्द्वले तत्काल मानवीय प्रतिक्रियाको आवश्यकतालाई जोड दिएको छ । यसले देशभरका आश्रयस्थलहरूमा तयारी खानाका लागि खाद्यान्न, रोटी, ताजा खाना र तयारी खानाका पोकाहरू वितरण गरिरहेको छ ।'

बेरुतको बाहिर क्षेत्रमा भएको बम आक्रमणमा इरान समर्थित समूहका नेता हसन नसरल्लाह मारिएको दुई दिनपछि इजरायलले लेबनानको हिजबुल्लाहका दर्जनाआश्रयस्थललाई लक्षित गरी थप हवाई आक्रमण गरिरहेको आइतबार जनाएको छ ।

सन् २०२३ को अक्टोबर ७ मा प्यालेस्टाइनको सहयोगी हमासले इजरायलमाथि एक्कासी आक्रमण गरेपछि इजरायल र हिजबुल्लाहबीच करिब एक वर्षयता सीमापार गोली हानाहान हुँदै आएको थियो ।

डब्लुएफपीका अनुसार लेबनानमा भएको बम विस्फोटले सञ्चित संकटको बोझले थिचिएको जनसङ्ख्याको समस्यालाई अझ जटिल बनाएको छ । लेबनानका लागि डब्लुएफपीका निर्देशक म्याथ्यु होलिङवर्थले भने, 'डब्लुएफपीको सहयोग केही दिनमै हजारौं नयाँ विस्थापितबीच पुगेको छ । संकट गहिरिँदै जाँदा हामीले नगद र खाद्यान्नको मिश्रणबाट १० लाख मानिसलाई सहयोग गर्ने तयारी गरिरहेका छौं ।'

'अन्तर्राष्ट्रिय समुदायलाई १० करोड ५० लाख अमेरिकी डलर परिचालन गरी वर्षको अन्त्यसम्म सञ्चालनका लागि सहयोग गर्न आह्वान गर्दछौं,' उनले अगाडि भने । डब्लुएफपीका क्षेत्रीय निर्देशक कोरिन फ्लेशरले लेबनान समस्याको एउटा केन्द्रविन्दु र अर्को युद्ध सहन नसक्ने बताए ।


## यूएई र साउदीमा रोजगार | कम्पनी: BAB AL BARSHA CONCRETE CARPENTERC CONT शहर: SARJHA

पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९५६ LT. No.: 311449

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masaon/Tile Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steal Fixer | 2 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |

कम्पनी: SULTANAH KATIB SUBAIE AL RUWAILI EST FOR CONTRACTING EQUIPMENT RENTAL AND TRASPORTATION शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०८१/०६/०९ चलानी नं.: ६०२२५९५७ LT. No.: 311308

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 2 | 0 | स. काममा दक्ष | 1800 | ६४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD. Govt Lic No.: 842/066/067
Tokha -05, Kathmandu Nepal, Tel: 01- 5910923 E-mail : kpintloverseas@gmail.com


## Invitation for Bids

### Jhapa Rural Municipality
### Office of the Rural Municipal Executive

**Taghandubba, Jhapa**

**Date of publication (First notice): 2024/09/30 (2081-06-14)**

1. Jhapa Rural Municipality, Office of Rural Municipal Executive invites electronic bids for Nepalese eligible bidders for the procurement of following works under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost Nrs. 3000 of bidding document in the Project's Rajaswa (revenue) and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: NIC ASIA — Name of Office: Jhapa Rural Municipality
   Office Code no. :80101325 — Office Account no.: 2022050512514014
   Revenue Shirsak No. 14219
4. Pre-bid meeting shall be held at [Jhapa Rural Municipality] at 11:00 AM on [2024-10-20 (2081/07/04)].
5. Electronic bids must be submitted to the office [Jhapa Rural Municipality] through PPMO website www.bolpatra.gov.np/egp on or before [12:00PM] on [2024-10-30 (2081/07/14)]. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at [1:00PM on 2024-10-30 (2081/07/14)] at the office of Jhapa Rural Municipality. Bids must be valid for a period of [90 days] after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format , which shall be valid for 30 days beyond the validity period of the bid in following bank information:
   Account Name: Dharauti Khata — Bank Name: NIC ASIA BANK
   Account Number: K2CA051251452407 — Bank Address: Jhapa Bazaar Branch / Corporate Office
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Name of Procurement | Estimated Amount (with PS and VAT) Nrs. | Bid Security amount Nrs. |
|---|---|---|---|
| 1. | Ward Number 1 Ko Sadakbari Dakshin Muslim Gaon Dekhi Milan Basti Hudai Border Samma Sadak Kalopatre (ch.0+000 to ch.0+600) | 76,52,997.03/- | 1,70,000/- |
| 2. | Wada No. 06 Ko Durga Chok Dekhi Paschim Chandrakitta Ko Hanuman Chowk Samma Kalopatre . (ch.0+000 to ch.0+600) | 76,22,382.28/- | 1,70,000/- |
| 3. | Jaghdamba Pr.Bi. Dekhi Utar Amarpath Sadak Samma Jodne Bato Kalopatre. (ch.0+000 to ch.0+933) | 1,30,04,591.97/- | 2,90,000/- |
| 4. | Jhapa jilla Jhapa Ga.Pa. Nabin Chowk Thapa Gau Bidhik Chowk Madargach Bazar Pachhim sadak staronnati (ch.0+000 to ch.0+500) | 60,25,560.66/- | 1,35,000/- |

**Chief Administrative Officer**

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०८/०८ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. **१२८७९२** को **गुरु शिवशक्ति खानेपानी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/१४**

मिड ल्याण्ड यात्रा रिङ्ग प्रा.लि.को २०८१/०३/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिडल्याण्ड यात्रा प्रा.लि. (प्रा.लि. नं.: ३३१८६८)** कायम गर्ने गरी मिति २०८१/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/१४**

बि.जि. मार्ट प्रा.लि.को २०८१/०६/०४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बि.जि. मार्ट एण्ड हस्पिटालिटि प्रा.लि. (प्रा.लि. नं.: ३५१९२३)** कायम गर्ने गरी मिति २०८१/०६/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/१४**

म्याडमंकि एडभेन्चर्स प्रा.लि.को २०८१/०१/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **नेपाल एडभेन्चर कम्पनी प्रा.लि. (प्रा.लि. नं.: ३०२९५५)** कायम गर्ने गरी मिति २०८१/०२/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८१/०६/१४**

बिजनेस पार्क होटल प्रा.लि.को २०८१/०३/२० गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिजनेस बुटिक होटल प्रा.लि. (प्रा.लि. नं.: २५९००९)** कायम गर्ने गरी मिति २०८१/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## युएईमा रोजगार | कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS LLLC-SOLE PROPRIETORSHIP LLC शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९४८ LT. No.: 311451

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 35 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३२,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Shuttering Carpenter | 55 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |
| 3. | Steel Fixer | 55 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |
| 4. | Mason/mason General | 55 | 0 | | 1200 | ४३,६५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 Ocotober 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Aslesha International Pvt. Ltd. श्रम इजाजत नं. १४०२/०७४/०७५
Basundhara, Kathmandu, Tel.: 01-4016608, 4016608, Mob: 9818330451,9815926684, 9808156040 | Email: aslesha.intl@gmail.com, aslesha.international@gmail.com

## साउदीमा रोजगार | कम्पनी : RUKN AL IMTIAZ COMPANY FOR LOGISTICS SERVICES शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/०७/०१ चलानी नं.: ६०२०९२६९ LT. No.:294167 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 5 | 0 | स. काममा दक्ष | 1700 | ६०,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 october 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Shahid Overseas Pvt. Ltd. Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440

## बहराइनमा रोजगार | कम्पनी : KOOLEES CHICKEN RESTAURANT W.L.L. शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०८१/०६/१३ चलानी नं.: ६०२२५९८९ LT. No.:311501

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | waiter/waitress | 2 | 2 | स. काममा दक्ष | 120 | ४२,५३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 october 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

बेबी एन्जल इन्टरनेशनल प्रा. लि. श्रम इजाजत नं. ९४०/०६७/०६८
Airport ( near prakash sanyash ashram) Kathmandu, Tel : 014561353 | 9801029271
Email: babyangelintl@gmail.com, info@babyangelintl.com.np, Website: www.babyangelintl.com.np

## बहराइनमा रोजगार | कम्पनी: MOON STAR CLEANING CONSTRUCTION CO W.L.L शहर: Bahrain

पूर्व स्वीकृत मितिः २०८१/०६/१३ चलानी नं.: ६०२२५९९६ LT. No.: 311500

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 15 | 0 | स. काममा दक्ष | 100 | ३५,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BAIBHAV OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोनः ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८२३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com, baibhavoverseas5@gmail.com

## UAE मा रोजगार | कम्पनी: Sadaf Al Amany Electromechanical Equipment Installation and Maintenance Co. LLC

पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९३६ LT. No.:311458 शहर: DUBAI

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 5 | 0 | स. काममा दक्ष | 1200 | ४३,६५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BIRD SKY H.R. PVT.LTD श्रम इजाजत नं. १६०५/०७९/०८०
सिनामंगल-०९, काठमाडौं, नेपाल, फोनः ५९१३८१५, ५९१३९१५ E-mail: info@birdskyhr.com.np
Mobile No: 9851086813, 9861426298, 9846980714, 9851035151, 9702006509.
Website: www.birdskyhr.com.np

## साउदीमा रोजगार | कम्पनी: CAR MASK TRADING COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः२०८१/०६/०४ चलानी नं.: ६०२२५५९२ LT. No.:310895 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waterproofing | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Vehicle Cleaners | 2 | 0 | | 1000 | ३५,६२० | | | | | | | |

कम्पनी: ABDULRAHMAN HAMAD AL-SUNAIDI& PARTNERS TRADING&CONTRACTING COMPANY शहर: QASSIM

पूर्व स्वीकृत मितिः२०८१/०६/११ चलानी नं.: ६०२२५९६६ LT. No.:311460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Auto Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver | 1 | 0 | | 1800 | ६४,११६ | | | | | | | |
| 3. | Blacksmith worker | 2 | 0 | | 1600 | ५६,९९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Blaze Associates Pvt. Ltd. Gov. Lic No. 1447/074/075
Dhumbarahi-4, Kathmandu, Tel: 4371913, 4372939, 9808906734
Email: bnnir@hotmail.com, blazenepal1447@gmail.com

## SAUDI मा रोजगार | कम्पनी : WORLD OF ENJAZ LOGISTICS SERVICES COMPANY शहर: DAMMAM

पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९५५ LT. No.: 311456

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 2 | 0 | स. काममा दक्ष | 2200 | ७८,३६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ असोज २१ गते (7 October 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
